# बाली तथा पशुपन्छीको बीमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१

**प्रस्तावना :**

कृषि तथा पशुपालन ब्यवसायमा भएका जोखिमहरुको न्युनीकरण गरी कृषकहरुको लगानी सुरक्षित गर्दै उत्पादन तथा उत्पादकत्व बृद्धि गरी  कृषकहरुलाई बाली तथा पशुपन्छीको बीमाको प्रिमियममा थप अनुदान उपलब्ध गर्न वाञ्छनीय भएकोले ,झिमरुक गाउँ कार्यपालिकाले यो कार्यविधि  बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम ‘‘बाली तथा पशुपन्छीको बीमाको प्रिमियममा थप अनुदान उपलब्ध  गराउने कार्यविधि, २०८१’’ रहेको छ।

ख)  यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२.    **उद्देश्यहरु :** यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :–

(क)  कृषकहरुको काबु भन्दा बाहिरको परिस्थितीबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणमा सहयोग गरी कृषकहरुलाई ब्यवसायिक कृषि खेती तथा पशुपालन तर्फ आकर्षित गर्न सहयोग गर्ने ।

(ख)  कृषि तथा पशुपालनको ब्यवसायकिरणको लागी जोखिम न्यूनीकरण गरी कृषकले माछा, पशुपन्छी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न सहयोग गर्ने ।

(ग)  कृषि तथा पशुपालन क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षित गर्न सहयोग गर्ने ।

३.    **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क)  ‘‘बाली’’ भन्नाले खेती गरिएका अन्न, तरकारी, फलफुल, नगदेबाली, औद्योगिक बाली लगायतका कृषि उपज सम्झनु पर्छ । यस शब्दले मौरीपालन, रेशम खेती तथा च्याउ खेतीलाई समेत  जनाउँदछ ।

ख)  ‘‘पशुधन’’ भन्नाले घरपालुवा पशु र पन्छी सम्झनु पर्छ । यस शब्दले मत्स्यपालनलाई समेत जनाउँद छ ।

ग)  ‘‘बीमक’’ भन्नाले बीमा ऐन, २०७९ बमोजिम बिमा व्यवसाय गर्न ईजाजत प्राप्त  बीमा कम्पनी सम्झनु पर्दछ । यस शब्दले पुनर्बिमक लाई समेत जनाउँदछ ।

घ)  ‘‘बीमित’’ भन्नाले बाली वा पशुपन्छीको बीमा गराउने ब्यक्ति वा परिवार वा कृषि तथा पशुपन्छी फर्म वा कृषक समुह वा कृषि /पशुपन्छी बिकास सहकारी सम्झनु पर्छ ।

ङ)  ‘‘बीमालेख’’ भन्नाले बीमा समितिबाट जारी गरिएको बीमालेख सम्झनु पर्छ ।

च)  ‘‘समिति’’ भन्नाले बाली तथा पशुधन बीमा कार्यान्वयन समिति सम्झनु पर्छ ।

छ) ‘‘कार्यालय’’ भन्नाले झिमरुक गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

ज)  ‘‘कार्यपालिका’’ भन्नले झिमरुक गाउँ कार्यपालिका सम्झनु पर्छ ।

## परिच्छेद – २

## बाली तथा पशुधन बीमाको प्रिमियम रकममा थप अनुदान बितरण ब्यवस्था

### ४. बाली तथा पशुधन बीमा कार्यान्वयन समिति

(क) यस कार्यविधि ब्यवस्था भए बमोजिम बाली तथा पशुधन बीमा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा एक **बाली तथा पशुधन बीमा कार्यान्वयन समिति** रहने छ ।

(ख) उपदफा (क) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :–

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत, झिमरुक गाउँपालिका | अध्यक्ष |
| लेखा अधिकृत, आर्थिक प्रशासन शाखा, झिमरुक गाउँपालिका | सदस्य |
| शाखा प्रमुख, पशु सेवा शाखा, झिमरुक गाउँपालिका | सदस्य |
| योजना शाखा प्रमुख, योजना शाखा, झिमरुक गाउँपालिका | सदस्य |
| प्रशासन शाखा प्रमुख, प्रशासन शाखा, झिमरुक गाउँपालिका | सदस्य |
| झिमरुक गाउँ कार्यपालिकाले मनोनयन गरेको बीमा कम्पनीहरुको प्रतिनिधित्व गर्ने एक जना प्रतिनिधि | सदस्य |
| कृषि विकास शाखा प्रमुख ,झिमरुक गाउँपालिका | सदस्य – सचिव |

(ग) उपदफा (ख) बमोजिमको समितिमा सदस्यहरुको पदावधी एक आर्थिक बर्षको हुनेछ र निजहरु अर्को आर्थिक बर्षमा पुन : सदस्यहरुमा रहन सक्नेछन् ।

(घ) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक सम्बन्धी अन्य निर्देशिका समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) समितिको सचिवालय झिमरुक गाउँपालिकाको कार्यालयमा रहनेछ ।

(च) समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(१) बाली तथा पशुधन बीमा कार्यक्रम कार्यान्वयनको सम्बन्धमा देखिएका बिबाद एबं समास्याहरु समाधान गर्ने

(२) बाली तथा पशुधन बीमा अनुदानको लागी आवश्यक पर्ने बार्षिक बजेट रकम अनुमान गरी कार्यपालिकामा प्रस्ताव पेश गर्ने ।

(३) बाली तथा पशुधन बीमा गर्ने कृषकलाई बिमा प्रिमियमको ५० प्रतिशत रकम अनुदान उपलब्ध गराउन ब्यवस्था मिलाउने ,

(४) बीमक कम्पनीहरुबाट बिमा लेख बमोजिम कृषकहरुलाई सहजरुपमा दाबी भुक्तानी उपलब्ध गराउन ब्यवस्था मिलाउने ।

(५)बाली तथा पशुधन बीमा सम्बन्धी अन्य कार्यहरु ।

**५. बाली तथा पशुधन बीमा कार्यक्रमको स्थापना :**

(क) बाली तथा पशुधन बीमा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा बजेट कार्यक्रमको ब्यवस्था गरिनेछ।

(ख) उपदफा (क) बमोजिमको बजेट कार्यक्रममा देहायका रकमहरु रहने छन्।

(१) गाउँपालिकाबाट प्राप्त भएको बिनियोजित रकम।

(२) समुह/समिति/सहकारीबाट प्राप्त हुने रकम।

(३) अन्य कुनै श्रोतबाट प्राप्त रकम।

**६. कार्यक्रम संचालन सम्बन्धी ब्यवस्था :**

बाली तथा पशुधन बीमा कार्यक्रम सञ्चालन देहाय बमोजिम गरिने छ।

(क) कार्यक्रममा बिनियोजित हुने रकम गाउँपालिकाको खाताबाट सञ्चालन हुनेछ।

(ख) खाता सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृत को संयुक्त दस्तखत बाट गरिनेछ।

(ग) बीमा कार्यक्रमबाट बीमा प्रिमियम अनुदानको लागी मात्र खर्च गरिनेछ।

## परिच्छेद –३

**७.बीमा प्रिमियम अनुदान उपलब्ध गराउने प्रकृया :**

बीमाङ्कको प्रिमियम अनुदान उपलब्ध गराउँदा देहाय बमोजिमको प्रकृया अपनाउनु पर्नेछ :

(क) बार्षिक कार्यक्रममा स्विकृत भएको हुनुपर्ने :बाली तथा पशुधन बीमाको प्रिमियम बापत दिईने अनुदान रकम बार्षिक बजेट तथा स्विकृत कार्यक्रमको सीमा भित्र रही दिईने छ।

(ख) माछा पशुपन्छी र कृषि उपजको ब्यावशायिक उत्पादन गर्ने ब्याक्तिले बीमा अनुदान स्किम अन्तरगत बाली तथा पशुधनको जोखिम बीमा गरेको भएमा प्रिमियममा थप ५० प्रतिशत अनुदानको लागी गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

(ग) उपदफा (ख) अनुसार निवेदकको बाली तथा पशुधनको बीमा सम्बन्धित बीमा कम्पनीले गर्नेछ। यसरी बीमा गरिने वाली तथा पशुधनको कृषकले तिर्नुपर्ने कुल बीमा प्रिमियम रकमको ५० प्रतिशत रकम कृषक आफैले तिर्नुपर्नेछ।

(घ) बाली तथा पशुधन बीमा गर्ने कृषकले बांकी ५० प्रतिशत प्रिमियम रकम बाली तथा पशुधन बीमा कार्यक्रमबाट भुक्तानी लिनुपर्नेछ। सो को लागी बिमा कम्पनीले उपलब्ध गराएको बिमा लेखको प्रतिलिपी, सम्बन्धित कृषकको नागरिकताको प्रतिलिपी, सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र जस्ता कागजात तथा बिमा गरेको बाली तथा पशुधनको फोटो बिमा गरेको ३० दिन भित्र समितिमा पेश गर्नुपर्नेछ। यसरी पेश हुन आएका कागजातहरु समितिले अध्ययन गरी भुक्तानीको ब्यवस्था मिलाउने छ।

नोटः वडाले उपलब्ध गराउने सिफारिस पत्र निशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ।

(ङ) बिमा गरिने बाली तथा पशुधन बीमाको बिमाङ्क रकम निर्धारण, बिमा प्रिमियम रकम निर्धारण, दाबी भुक्तानी प्रक्रिया तथा बिमा सम्बन्धी अन्य ब्यवस्थाहरु कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९ र सम्बन्धित बिमा लेखमा उल्लेख भए बमोजिम हुनेछ।

**८. अनुगमन सम्बन्धी ब्यवस्था :**

(क) थप अनुदान कार्यक्रम अन्र्तगत बाली तथा पशुधनको जोखिम बीमा गर्ने बिमकले आफुले जारी गरेको बाली तथा पशुधन बिमा सम्बन्धी बिमा लेख, त्यस्ते बिमा लेखले सिर्जना गरेको दायित्व र जोखिम तथा तोकि दिए बमोजिमका अन्य सूचनाहरु सहितको बिबरण प्रत्येक चौमासिक समाप्त भएको मितिले १५ दिन भित्र नियमित रुपमा समितिमा छलफल गर्नु पर्नेछ ।

(ख) थप अनुदान कार्यक्रम अन्र्तगत बाली तथा पशुधनको जोखिम बीमा सदुपयोग र प्रभावकारिता बारे गाउँपालिका स्तरबाट अनुगमन तथा मूल्याङ्कनको कार्य गाउँपालिकाको कार्यान्वियन समितिबाट हुनेछ ।

(ग) गाउँपालिकास्तरमा नियमित अनुगमन तथा मुल्यांकनको कार्य सम्बन्धित शाखाबाट हुनेछ ।

**९. बिबिध :**

(क) यस कार्यविधिमा उल्लेख भएका बिषयबस्तुका सम्बन्धमा कुनै बिबाद भएमा सो को ब्याख्या समितिको निर्णय बमोजिम हुनेछ । सो बाहेक अन्य बिषयमा बीमा ऐन, २०७९, बिमा लेख, कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९, र प्रचलित नेपालको कानून बमोजिम हुनेछ ।

(ख) गाउँपालिका कृषि बिकास तथा पशु सेवा शाखा बाली तथा पशुधन बीमा सम्बन्धी कार्यहरुको समन्वयका लागी सम्पर्क बिन्दुको रुपमा रहनेछन् ।

अनुसुची – १

झिमरुक गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, भ्यागुते, प्यूठान

**बाली तथा पशुधन बीमाको थप प्रिमियम रकम उपलब्ध गराउने निवेदन**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते,प्यूठान ।

बिषय : बाली तथा पशुधन बीमाको थप प्रिमियम रकम उपलब्ध **गराई** पाउँ भन्ने बारे ।

महोदय,

मैले झिमरुक गाउँपालिका बाट "**बाली तथा पशुधन बीमाको थप प्रिमियम रकम अनुदान**" भूक्तानी पाउनको लागी नियमानुसार कागजात संलग्न गरी निबेदन पेश गरेको छु । मैले उक्त कार्यमा सहभागी हुनपाएमा बाली तथा पशुधनहरुको ब्यवसायीककरण गर्नमा सहयोग पुग्ने ब्यहोरा अनुरोध छ ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ,
२. बिमालेखको प्रतिलिपी ,
३. बाली तथा पशुधनको प्रिमियम बुझाएको सककल रसिद ,
४. बिमा गरेको बाली तथा पशुधनको फोटो ,
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (निशुल्क) ,

**निबेदकको**

नाम :

दस्तखत :

ठेगाना :

मोवाईल नं

अनुसुची – २

झिमरुक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, भ्यागुते, प्यूठान

**बाली तथा पशुधन बीमाको थप प्रिमियम रकम उपलब्ध गराउने सम्बन्धी सूचना**

झिमरुक गाउँपालिकाकोबार्षिक स्वीकृत कार्यक्रम अनुसार **बाली तथा पशुधन बीमाको थप प्रिमियम रकम अनुदान** कार्यक्रममा सहभागी भई झिमरुक गाउँपालिका भित्रका कृषि तथा पशुपालान ब्यवसायमा संलग्न रहेको कृषकहरुले आफनो बाली तथा पशुपन्छीहरुलाई मान्यता प्राप्त बिमा कम्पनीहरुबाट बिमा गराएको भए कृषकहरुले तिर्ने प्रिमियममा थप ५० प्रतिशत रकम अनुदान कार्यक्रममा सहभागी हुन दरखास्त आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा (अनुसुची – १) बमोजिमको निवेदन तथा उल्लेखित कागजातहरु सहितको आवेदन फारम झिमरुक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भ्यागुते, प्यूठानमा दर्ता गरिसक्नु पर्नेछ। साथै रित नपुगेको र म्याद नाघी आएको निबेदन कार्यक्रममा समाबेश नहुने ब्यहोरा समेत जानकारीको लागी अनुरोध गरीन्छ।

प्रमाणीकरण गर्ने

नाम थर : ............................

पद : प्रमुख प्रशासकीय अधिकृत

मिति :

झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८१/०८/१२ गते पारित **"बाली तथा पशुपन्छीको बीमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१"** झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत